# चामे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## चामे, मनाङ

☎फोन नं.: ०६६- ४४०१७०
✆फ्याक्स : ०६६- ४४०१७०
Email:chamegaupalika@gmail.com
www.chamemun.gov.np

गण्डकी प्रदेश, नेपाल


## मिति २०७६।१२।२८ गतेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

१. कोरोना भाईरस संक्रमण रोगथाम नियन्त्रण तथा उपचार र राहत वितरण गर्न स्थापना भएको कोष परिचालनको लागि नेपाल बैंक लिमिटेड, चामे शाखामा ग-७ स्थानीय तह आकस्मिक कोष खाता अन्तर्गत ग-७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता खोल्ने निर्णय गरियो ।

२. चामे गाउँपालिका भित्र असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराइने राहत सम्बन्धी मापदण्ड, २०७६ (परिमार्जित मापदण्ड) स्वीकृत गर्ने निर्णय गरियो ।

३. यस गाउँपालिका भित्र एकद्धार प्रणाली अवलम्बन गरी राहत वितरण गर्ने निर्णय गरियो । यस गाउँपालिकामा सहयोग गर्न गैरसरकारी क्षेत्र, सामाजिक संघ संस्था, व्यापारी, अन्य व्यक्ति लगायतहरुलाई नगद, खाध्यान्न तथा औषधीजन्य बस्तु सहयोग गर्न आव्हान गर्ने निर्णय गरियो

४. राहत प्याकेज अन्तरगत परिवारका प्रति व्यक्ति सवै सदस्यहरुलाई चामल १० के.जी. दरले र अन्य राहत सामग्रीहरु मध्ये दाल २ के. जी., खाने तेल २ लि., चिनि २ के. जी. र सावुन २ वटा वितरण गर्ने र परिवार संख्या २ जनासम्म भए माथी उल्लेखित राहत प्याकेजको चामल बाहेक सवै सामग्री आधा र २ भन्दा बढी परिवार संख्या भए पुरै राहत सामग्रीलाई एक प्याकेज मानी वितरण गर्ने निर्णय गरियो ।

५. वडागतरुपमा राहत वितरण गर्न वडाबाट २०७६ चैत्र २८ गते सम्म सकलित निम्नानुसारका अनुमानीत संख्याका लक्षीत बर्गहरुलाइ राहत वितरण गर्न प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

| सि. नं. | स्थानीय तह र वडा नं. | अनुमानीत राहत प्राप्त गर्ने व्यक्ति/ परिवार संख्या | | | कैफियत |
|---|---|---|---|---|---|
| | | घरधुरी संख्या | राहत प्राप्त गर्ने परिवार संख्या | | |
| | | | आधा प्याकेज | एक प्याकेज | |
| १ | चामे गाउँपालिका - १ | ३५ | १० | २५ | |
| २ | चामे गाउँपालिका - २ | ३० | १० | २० | |
| ३ | चामे गाउँपालिका - ३ | ४५ | १० | ३५ | |
| ४ | चामे गाउँपालिका - ४ | ५५ | १० | ४५ | |
| ५ | चामे गाउँपालिका - ५ | ४० | १० | ३० | |
| जम्मा | | १०० | ५० | १५५ | |

६. विश्वव्यापी रुपमा फैलिरहेको नोभल कोरोना भाईरस महामारीको रोकथाम तथा नियन्त्रणका लागि मिति २०७६ चैत्र ११ देखि नेपाल सरकारले लकडाउन घोषणा गरेको कारण यस गाउँपालिका भित्रका असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलव्ध गराईने राहत सम्बन्धी मापदण्ड, २०७६ (परिमार्जित मापदण्ड) को दफा २ बमोजिम परिभाषित हुने दफा ३ बमोजिमका श्रमिक वर्ग र असहायहरु (दैनिक ज्याला मजदुरी गरी गुजारा चलाउने, दैनिक उपभोग्य सामग्री जुटाउन असमर्थ र हातमुख जोड्न गाह्रो हुने समुदाय) लाई अत्यावश्यक दैनिक खाध्य सामग्री खरीद गरी वितरण गर्ने व्यवस्थाको लागि राहत सामग्री खरीद गर्न स्थानीय स्तरमा सूचना प्रकाशित गरी प्रतिस्प्रर्धाका आधारमा विधमान फर्म/सप्लायर्सवाट पेश हुन आएका मध्ये सवैभन्दा कम दररेट पेश गर्ने फर्म/सप्लायर्स छनौट गरी दाल, चिनि, तेल र सावुन उक्त सप्लायर्स बाट खरिद गर्ने निर्णय गरियो ।